# विदेशी बासिन्दाहरू प्रति

◆ तपाईंले आफ्नो निवासी करलाई तोकिएको मिति भित्र तिर्नुपर्ने हुन्छ। यदि भुक्तानी थपिदैं गयो भने, त्यसमा जरिवाना थपिनेछ। यदि तपाइँलाई पठाइएको अनुस्मारक (*तोकुशोकुजो*) पछि पनि भुक्तानी गरिएन भने तपाइँको सम्पत्तिलाई जफत गर्न सकिन्छ।

## भुक्तानी गर्न सकिने ठाउँ

**<u>भुक्तानी स्लिप</u>** प्रयोग गरेर बैंक र हुलाक कार्यालयहरू, सुविधा स्टोर (*कोम्बिनी*) हरू, नगरपालिका कर कार्यालय, वार्ड कार्यालय र शाखा कार्यालयहरू, र सिटी हलबाट करको भुक्तानी गर्न सकिन्छ ।

## सोधपुछ

यदि तपाइँको केहि प्रश्न छ भने कृपया कुनै जापानी बोल्ने-बुझ्ने व्यक्तिलाई तपाईको वार्डको को रेखदेख गर्ने नगरपालिका कर कार्यालयमा गई तपाईको तर्फबाट सोधपुछ गर्न आग्रह गर्नुहोस्।

| तपाईंको निवासको वार्ड | फोन नम्बर | नगरपालिका कर कार्यालय प्रभारी |
|---|---|---|
| चिकुसा, हिगासी | 052-959-3303 | साकाए नगरपालिका कर कार्यालय (आठौं तल्ला, एन्. एच. के नागोया प्रसारण केन्द्र बिल्डिङ्ग) 1-13-3 हिगाशी साकुरा, हिगाशी-कु, नागोया |
| नाका, मोरियामा | 052-959-3304 | |
| किता, मेइतो | 052-959-3323 | |
| निशी | 052-433-4021 | होनजीन नगरपालिका कर कार्यालय (चौथो तल्ला, नाकामुरा वडा कार्यालय तथा विभिन्न सरकारी कार्यालय रहेको सरकारी भवन) 1-23-1 माचुबारा-च्यो, नाकामुरा-कु, नागोया |
| नकामुरा, मिनातो | 052-433-4022 | |
| नकागावा | 052-433-4023 | |
| आचुता, तेम्पाकु | 052-324-9804 | कानायामा नगरपालिका कर कार्यालय (मेइतेचु मासाकी दाईइची बिल्डिङ्ग) 3-5-33 मासाकी, नाका-कु, नागोया |
| शोवा, मिनामी | 052-324-9805 | |
| मिजुहो, मिदोरी | 052-324-9828 | |

---

**【नागोया अन्तर्राष्ट्रिय केन्द्र (सार्वजनिक चासो समावेशी फाउन्डेसन)】**
**फोन :** 052-581-0100 **वेबसाइट:** https://www.nic-nagoya.or.jp/
नागोया अन्तर्राष्ट्रिय केन्द्रले सूचना काउन्टरमा गैर-जापानी निवासीहरूका लागि सामान्यतया प्रशासनिक मामिलामा निःशुल्क परामर्श प्रदान गर्दछ।

◆ **गैर-जापानी निवासीहरूको लागि प्रशासनिक परामर्श निम्न भाषामा उपलब्ध छ:**
अंग्रेजी, पोर्चुगीस, स्पेनिश, चिनियाँ, कोरियन, फिलिपनो, भियतनामी र नेपाली

◆ **ईमेल द्वारा सोधपुछ:**

| | | | |
|---|---|---|---|
| जापानीज, अंग्रेजी | info@nic-nagoya.or.jp | कोरियन | hangul@nic-nagoya.or.jp |
| पोर्चुगीस | portugues@nic-nagoya.or.jp | फिलिपनो | filipino@nic-nagoya.or.jp |
| स्पेनिश | espanol@nic-nagoya.or.jp | भियतनामी | tieng-viet@nic-nagoya.or.jp |
| चिनियाँ | zhongwen@nic-nagoya.or.jp | नेपाली | nepali@nic-nagoya.or.jp |

## कर गणना स्टेटमेन्टको ढाँचा




* यस पृष्ठमा देखाइएको कर गणना स्टेटमेन्टको ढाँचा र कर सूचनाहरूको ढाँचा 2022/6/1 सम्म को अनुसार हुन्।

कर गणनाको स्टेटमेन्टले तपाईंको निवासी कर गणना गर्नको लागि प्रक्रियाहरू देखाउँदछ।

गत वर्षको जनवरी देखि डिसेम्बर सम्म को कुल आय राशि (रकम जापानी येनमा दिइएको छ)

शेष रकम

कर गणना स्टेटमेन्टको साथ संलग्न कर अधिसूचना अनुसार भुक्तान गर्नु पर्ने वार्षिक कर रकम

कर अधिसूचनाले तपाईंको आय प्रमाण गर्नमा सहयोग गर्न सक्ने भएकोले त्यसलाई राख्नुहोला।

## कर अधिसूचनाको ढाँचा




पिहलो देखि चौथो अवधि को भुक्तानी सम्म को लागि कर रकमहरू दायाँतर्फमा बताईएको मितिहरूमा कृपया यी रकमहरु तिर्नुहोस्।

○ कर रकम कसरी गणना गर्ने

① आय रकम द्वारा निर्धारित रकम

= (अघिल्लो वर्षको आय − आय कटौती) × कर दर − निश्चित दर कटौती − कर कटौती

(अघिल्लो वर्षको आय − आय कटौती) ← करयोग्य आम्दानी

② प्रत्येक करदाता द्वारा समान रूपमा वहन गर्नु पर्ने रकम

ネパール語版